# परिचय

शान्तिका लागि सहकार्य संस्था दर्ता ऐन, २०३४ अन्तर्गत २०६१ साल जेठमा दर्ता भएको गैरनाफामुखी, गैरसरकारी संस्था हो । यो संस्थाको मुख्य उद्देश्य नेपालमा द्वन्द्व रूपान्तरणको क्षेत्रमा अध्ययन अनुसन्धान गर्नु र शान्ति स्थापनामा योगदान पुऱ्याउनु हो ।

वि. सं. २०५९ सालमा सरकार र ने. क. पा. माओवादीका बीचमा भएको दोस्रो चरणको शान्तिवार्ता असफल भएपछि उक्त शान्ति वार्तामा संलग्न सहजकर्ताहरू र मानवअधिकारकर्मीहरूले द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनामा संलग्न सबै सरोकारवालाहरूका लागि अनुसन्धानमा आधारित सूचना उपलब्ध गराउने संस्थाको आवश्यकता महसुस गरे अनुरूप यस संस्थाको स्थापना भएको हो ।

शान्तिका लागि सहकार्यका हालका कार्यक्रमहरू यस संस्थाका कार्यकारी समिति, सल्लाहकार समिति, कर्मचारीहरू र शान्ति स्थापना सम्बन्धी अनुसन्धानमूलक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था इन्टरनेशनल एलर्टका प्रतिनिधिको प्रत्यक्ष संलग्नतामा सम्पन्न वार्षिक रणनीतिक योजना बैठकका आधारमा तय हुने गर्दछन् ।

द्वन्द्वको बदलिदो परिवेशमा पनि आवश्यक सूचना र विशेषज्ञताका लागि यो संस्था सार्वजनिक स्रोतको रूपमा रहिरहेको छ । यसले द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनाका नयाँ अवसरहरूको खोजी गर्ने कामलाई निरन्तरता दिंदै आएको छ । यस संस्थाले विविध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग निरन्तर सहकार्य गर्दछ ।



*२०६३ माघ २१ र २२ गते सम्पन्न रणनितिक योजना बैठकमा सहभागी शान्तिका लागि सहकार्य र इन्टरनेशनल एलर्टका सदस्यहरू*

## परिकल्पना

शान्तिका लागि सहकार्यले शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनको क्षेत्रमा नेपालमा मात्र नभई क्षेत्रीय स्तरमै आवश्यकता अनुसारको सूचना, विश्वसनीय ज्ञान र विज्ञता प्रदान गर्ने नेतृत्वदायी र स्वतन्त्र अनुसन्धान संस्थाको रूपमा स्थापित हुने परिकल्पना गरेको छ ।

## ध्येय

यस संस्थाको ध्येय निष्पक्ष लोकतान्त्रिक मञ्च निर्माण गरी सोको माध्यमबाट द्वन्द्व सम्बन्धी विषयमा अध्ययन गर्ने, सरोकारवालाहरूलाई अनुसन्धानमा आधारित ज्ञान र विज्ञता प्रदान गर्ने र द्वन्द्वको शान्तिपूर्ण राजनैतिक समाधानका लागि सरोकारवालाहरूको बीचमा विश्वासको वातावरण सिर्जना गर्ने रहेको छ ।

## उद्देश्य

शान्तिका लागि सहकार्यको मुख्य उद्देश्य द्वन्द्व र त्यस पछिका समयमा शान्ति स्थापनाका लागि विश्वसनीय ज्ञानको आधार र विज्ञता प्रदान गर्नु रहेको छ । साथै हरेक प्रकारका द्वन्द्वको शान्तिपूर्ण निकासका लागि नागरिक समाजका सङ्गठन र व्यक्तिहरूको वृहत् सहभागितालाई सम्भव बनाउनु पनि यसको उद्देश्य रहेको छ ।

**यस संस्थाका अन्य उद्देश्यहरू यस प्रकार छन :**

- बौद्धिक संस्था (थिङ्क ट्याङ्क) को रूपमा काम गरी द्वन्द्व रूपान्तरण र शान्ति स्थापना सम्बन्धी सवालहरू अझ राम्रोसँग बुझ्न र तिनीहरूलाई सम्बोधन गर्न अनुसन्धानका कार्यहरू गर्ने ।
- अनुसन्धानकर्ताहरू र अन्य सरोकारवालाहरूको अध्ययनका लागि स्रोत र साधनहरूको उत्पादन र संग्रह गर्ने ।
- कार्यशाला गोष्ठी, सम्वाद, अनौपचारिक छलफल र अन्तर्राष्ट्रिय अनुभवको आदान प्रदानका लागि सहजकर्ताको रूपमा काम गर्ने ।
- द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनाका लागि क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव, ज्ञान र दक्षताको संश्लेषण गर्ने ।
- समय सान्दर्भिक अनुसन्धानलाई सहज तुल्याउन र विकास गर्न विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूबीच सम्बन्ध विस्तार र सहकार्य गर्ने ।

## कार्यक्रमहरू

विभिन्न सरोकारवालाहरुसँगको परामर्शका आधारमा शान्तिका लागि सहकार्यले देशको बदलिंदो सन्दर्भमा अत्याधिक महत्व राख्ने विषयहरूमा अनुसन्धान गरिरहेको छ। तुलनात्मक शान्ति प्रकियाहरू, सुरक्षा क्षेत्रको सुधार र द्वन्द्वसँग गाँसिएका अन्तर्राष्ट्रिय सम्बन्धहरू यसका प्रमुख अनुसन्धानका क्षेत्र बनेका छन् । यस अन्तर्गत द्वन्द्व समाधान गरिसकेका अन्य देशका अनुभवहरू र द्वन्द्वबारे नेपाली छापामा प्रकाशित समाचारहरूको अनुगमन पनि गरिंदै छ ।

यस संस्थाको तत्कालको अर्को कार्य सुरक्षा क्षेत्रमाथिको नागरिक नियन्त्रणको निम्ति सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न सहयोग गर्नु हो । यस अन्तर्गत सुरक्षा क्षेत्रको जवाफदेहिता र पारदर्शिता बढाउने, लोकतान्त्रिक



संस्थाहरूको अधिकारका बारेमा यस क्षेत्रको सचेतना जगाउने र यस विषयमा बहस तथा छलफल चलाउने कार्य गरिने छ।

शान्तिका लागि सहकार्यले संविधान सभाको चुनाव, संविधान निर्माण प्रकिया र सो प्रकियामा सरोकारवालाहरूको भूमिका जस्ता विषयहरुमा निरन्तर अध्ययन अनुसन्धान, बहस र छलफल संचालन गरिरहेको छ ।

अन्तरिम संविधानको पहिलो संसोधनले निर्देशित गरे अनुसार नयाँ सङ्घीय नेपालको खाका तयार पार्न शान्तिका लागि सहकार्यले सङ्घीय राज्य प्रणाली, जातीय समावेशीकरण, निर्वाचन प्रणालीमा सुधार र निर्वाचन क्षेत्रहरूको सीमा निर्धारण जस्ता महत्वपूर्ण विषयहरूमा अध्ययन र अन्तर्क्रियाहरूको आयोजना गरिरहेको छ । यसरी नै द्वन्द्वसँग सम्बन्धित सवालहरूलाई अझ बढी बुझ्न र सो सम्बन्धी गहन छलफल अघि बढाउन यो संस्थाले नागरिक समाज, राजनीतिक सरोकारवालाहरू, सञ्चार क्षेत्र, गैरसरकारी संस्थाहरू, बुद्धिजिवीहरू र अन्य सरोकारवालाहरूसँग निरन्तर अन्तर्किया गरिरहेको छ ।

शान्तिका लागि सहकार्यले भविष्यमा द्वन्द्वका समसामयिक परिस्थितिका विविध पक्षहरूलाई ध्यानमा राखेर अनुसन्धानका कार्यहरू गर्ने छ ।

## भौतिक पूर्वाधार

हाल शान्तिका लागि सहकार्यको कार्यालय पुरानो बानेश्वरमा अवस्थित छ । यसको पुस्तकालयमा द्वन्द्व रूपान्तरण, शान्ति निर्माण, रणनीतिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, युद्ध, आतङ्कवाद, विश्वप्रसिद्ध व्यक्तित्वहरूका आत्मकथाहरू, संविधान, कानून, द्वन्द्व र मानव अधिकार लगायत नेपालको सामाजिक र राजनैतिक पक्षसँग सरोकार राख्ने पुस्तक, जर्नल, पत्रपत्रिका, र प्रतिवेदनहरू राखिएका छन्। पुस्तकालयलाई निरन्तर रूपमा अद्यावधिक गरिएको छ । पुस्तकालय प्रयोगकर्ताहरुले सामाग्रीहरू सजिलै खोज्न सकुन् भनेर कम्प्युटर डेटावेस तयार गरिएको छ साथै निशुल्क इन्टरनेट र इमेलको सुविधा उपलब्ध छ ।

द्वन्द्व, शान्ति र मानवअधिकार आदि विषयहरूमा उत्पादन भएका सम्पूर्ण सामग्री सङ्कलन गर्ने काम पनि पुस्तकालयले गर्दछ । पुस्तकालय सोमबारदेखि शुक्रबार, बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सर्वसाधारणका लागि खुल्ला रहन्छ ।

## आर्थिक स्रोत

शान्तिका लागि सहकार्यले विभिन्न स्रोतहरू परिचालन गरेर आफ्नो कार्य सम्पादन गर्छ । आफ्नो परिकल्पना, ध्येय र उद्देश्यमा सम्झौता नगरिकन यस संस्थाले राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्था तथा व्यक्तिहरूबाट सहायता लिन्छ । हाल यस संस्थालाई इन्टरनेशनल एलर्टमार्फत नर्वेली सरकारको सहयोग प्राप्त भइरहेको छ ।

## सङ्गठनात्मक संरचना

शान्तिका लागि सहकार्य एघार सदस्यीय कार्यकारी समितिद्वारा सञ्चालित छ । यस समितिमा कानून, मानवअधिकार, जनजाति, लैंगिक सवाल, शान्ति र विकासका क्षेत्रमा सामाजिक प्रतिष्ठा आर्जन गरेका व्यक्तिहरू संलग्न छन् । यस संस्थामा कार्यरत कर्मचारीहरू द्वन्द्व रूपान्तरण र शान्ति निर्माणको अभ्यास र अध्ययनप्रति प्रतिवद्ध छन् ।

यस संस्थाको एउटा सल्लाहकार समिति छ, जसले आवश्यक र समय अनुकूल सल्लाह र सुझाव प्रदान गर्दछ ।

## सल्लाहकार समिति

**दमननाथ ढुङ्गाना**
पूर्व सभामुख, प्रतिनिधि सभा/मानवअधिकारवादी नेता

**सहाना प्रधान**
पूर्व परराष्ट्र मन्त्री/अध्यक्ष, महिला सुरक्षा दबाव समुह

**शैलेन्द्रकुमार उपाध्याय**
पूर्व परराष्ट्र मन्त्री

**पद्मरत्न तुलाधर**
पूर्व मन्त्री/मानवअधिकारवादी नेता

**प्रा डा मथुराप्रसाद श्रेष्ठ**
पूर्व मन्त्री/मानवअधिकारवादी नेता

**हिमालय शमशेर राणा**
पूर्व गवर्नर, नेपाल राष्ट्र बैंक /अध्यक्ष, नेपाल नागरिक मञ्च

**कुलचन्द्र गौतम**
सहायक महासचिव, संयुक्त राष्ट्र सङ्घ

**प्रा डा विरेन्द्रप्रसाद मिश्र**
पूर्व निर्वाचन आयुक्त /पूर्व संयोजक, युद्धविराम अनुगमन समिति

**प्रभा बस्नेत**
पूर्व सदस्य–सचिव, समाज कल्याण परिषद

**खगेन्द्रप्रसाद भट्टराई**
पूर्व अध्यक्ष, नेपाल प्राध्यापक सङ्घ

**डा रोहितकुमार नेपाली**
कार्यकारी निर्देशक / साउथ एसिया पार्टनरशीप-अन्तर्राष्ट्रिय

## कार्यकारी समिति

| | |
|---|---|
| लक्ष्मणप्रसाद अर्याल | अध्यक्ष |
| डा मीना आचार्य | उपाध्यक्ष |
| गौरी प्रधान | महासचिव |
| डा विष्णुराज उप्रेती | कोषाध्यक्ष |
| पद्म ज्योती | सदस्य |
| हमिद अन्सारी | सदस्य |
| पूर्णशोभा चित्रकार | सदस्य |
| मन्दिरा शर्मा | सदस्य |
| बालकृष्ण माबुहाङ | सदस्य |
| नारायण गुरूङ | सदस्य |
| विजय कान्त कर्ण | सदस्य |




## शान्तिका लागि सहकार्य


पोस्ट बक्स नं. ११०३३
११७/३६, पूजा प्रतिष्ठान मार्ग
पुरानो बानेश्वर, काठमाडौं, नेपाल
फोन : ००९७७-१-४४८०४०६
फ्याक्स : ००९७७-१-४४७२७९८
ई-मेल : info@ffp.org.np
वेबसाइट : www.friendsforpeace.org.np



जिप्रका द नं. १०५२/०६०/०६१
सकप आ नं. १६२५७


Working together for peace

# शान्तिका लागि सहकार्य

# Friends for Peace (FFP)

### द्वन्द्व रूपान्तरण र शान्ति स्थापनाप्रति समर्पित

